# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०८०/०८१ बैठक व्यवस्थापन शाखा
च.नं. : ६२५

मिति : २०८०/०६/१९

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका,
शाखा/उपशाखा प्रमुखज्यूहरु,
वडा कार्यालय/वडा सचिवज्यूहरु,
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०८० असोज १९ गते, शुक्रबार बसेको आ.व. २०८०/०८१ को छैठौं गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ४ (चार) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँसँग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुनु अनुरोध छ ।

६।१९

..............................
(मोहनकुमार श्रेष्ठ)
**प्रमुख प्रशासकीय अधिकृत**

"शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधार; समृद्ध मनहरीको आधार"

manaharimun@gmail.com

आज मिति २०८०/०६/१९ गते शुक्रबार विहान ७:३० बजे आ.व. २०८०/८१ को यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको छैटौं बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री सिर्जना बर्तौला प्रशासन शाखा सहायक पाचौं

२०८० असोज १९ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

२०८० असोज १९ गतेको गाउँ कार्यपालिकाको छैटौँ बैठकको छलफलका विषयहरु :

१. रजैया लक्की चोक सडकको थप मूल्याङ्कन सहित भुक्तानी सम्बन्धमा ।
२. आधारभूत स्वास्थ्य इकाइ भवन निर्माणको रकम भुक्तानी माग भएको सम्बन्धमा ।
३. आ.ब. २०७९/०८० मा छिटो कार्य सम्पन्न गर्ने वडामा थप योजना सम्बन्धमा ।
४. ९ नं. वडा कार्यालय भवन निर्माण सम्पन्न भई भुक्तानी माग भएको सम्बन्धमा
५. विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएको सम्बन्धमा ।
६. करारमा पदपूर्ति गर्ने सम्बन्धमा ।
७. स्वास्थ्यं व्यवस्थापन सूचना प्रणाली सम्बन्धमा ।
८. कर संकलन सहजकर्ता सम्बन्धमा ।
९. अख्तियारको उजुरी व्यवस्थापन सम्बन्धमा ।
१०. ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएकाहरुको घरदैलो स्वास्थ्य सेवा सम्बन्धि कार्यविधि २०८० सम्बन्धमा ।
११. मनहरी अस्पताललाई थप संचालन अनुदान सम्बन्धमा ।

मोहन कुमार ...
प्रमुख प्रशासकीय अधिकृत

<u>निर्णयहरु:</u>

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा रजैया लक्कि चोक सडक निर्माण कार्य सम्पन्न भई प्राबिधिकबाट पुन: मुल्याङ्कन भई आएको हुँदा उक्त रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
२. प्रस्ताव नं. २ उपर छलफल गर्दा गाउँपालिकाको वडा नं. ७ मा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदानमा निर्माण हुने गरी गाउँपालिकाको वडा नं. १,२,४,५,८ र ९ मा आधारभुत स्वास्थ्य ईकाईहरुको निर्माणको लागि गाउँपालिकाबाट आह्वान भएको शिलबन्दी बोलपत्रमा छनौट भई निर्माण कार्य गरिरहेको गुरुकुल बिल्डर्स प्रा.लि. सम्झौता भइ वडा नं. ४ को भवन बाहेक अन्य वडाका भवन निर्माण सम्पन्न हुने चरणमा रहेको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निकासा माग प्राप्त नहुँदा काम प्रभावित हुने तथ्यलाई मध्यनजर गर्दै मन्त्रालयबाट बजेट निकासा भए पश्चात सोध भर्ना हुने गरी गा.पा.पुंजिगत राजश्व परामर्श खर्च शीर्षकबाट निर्माण व्यवसायीलाई भुक्तानी दिने निर्णय गरियो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७९/८० मा वडागत रुपमा विनियोजित बजेटबाट सबैभन्दा पहिले योजना सम्पन्न गर्ने ५ नं वडा कार्यालयलाई प्रोत्साहन स्वरुप तपशिलको योजना कार्यान्वयन गर्ने गरी थप रु १० लाख उपलब्ध गराउने निर्णय गरियो

तपशिल

१. रानाचोक देखी सानो खोल्सी सम्मको बाटो स्तरीकरण – रु ५ लाख
२. वण्डेश्वर महादेव मन्दिर परिसर पुर्वाधार निर्माण - रु ५ लाख

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कोलाखेती
अध्यक्ष

मोहन कुमार
प्रमुख प्रशासकीय अधिकृत

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ९ को कार्यालय भवन निर्माण सम्पन्न गरी भुक्तानी माग भई आएको र बजेट विनियोजन छुट भएको हुँदा हाल काम सम्पन्न भई प्राविधिक मुल्याङ्कन र अनुगमन समितिको प्रतिवेदन समेत प्राप्त भएकोले अन्य थप सार्वजनिक निर्माण शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५माथि छलफल गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र. सं. | नामथर/योजना | विवरण | शीर्षक | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनहरी ३ मिलडाँडा खानेपानी | मिलडाँडामा खानेपानी पहुँचको लागी ट्याङ्की निर्माण | अन्य थप सार्वजनिक निर्माण | प्राविधिक लागत अनुमान बमोजिम | |
| २ | ईलाका प्रहरी कार्यालय मनहरी | सिसि क्यामरा मर्मत तथा रेकर्ड डिभाईस अपडेट | अन्य थप सार्वजनिक निर्माण | प्राविधिक लागत अनुमान बमोजिम | |
| ३ | मनहरी बहुमुखी क्याम्पस | मनहरी बहुमुखी क्याम्पसलाई १ थान ईलेक्ट्रिक हाजिरी मेसिन | अन्य थप सार्वजनिक निर्माण | प्राविधिक लागत अनुमान बमोजिम | |
| ४ | जोर मादल मिडीया ग्रुप | विजया दशमी शुभ दिपावली तथा छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रम | आर्थिक सहायता | ५००००। | |
| ५ | अस्मिता मुक्तान मनहरी ६ | वर्षाका कारण घर भत्किएकोले राहत | विपद् व्यवस्थापन कोष | रु. २००००। | |
| ६ | ईलाका प्रहरी कार्यालय नेवारपानी | सवारी ग्यारेज तथा प्रहरी कर्मचारीको लागि टेबल टेनिस निर्माणको लागि आर्थिक सहायता माग | आर्थिक सहायता | ५००००। | |
| ७ | चैनपुर जेसिस | मनहरी र राक्सिराङको यूवाहरुको खुला फुटबल प्रतियोगिता सहयोग | आर्थिक सहायता | १०००००। | |
| ८ | मकवानपुर रिकभरिङ ग्रुप | मनहरी ३ निवासी सुरेन्द्र अधिकारीको उपचार खर्च | आर्थिक सहायता | ५००००। | |



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रञ्जन कार्कि
अध्यक्ष

मोहन कुमार श्रे...
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सोलार फेन्सी तारबार मर्मत मनहरी ५ | जंगली जनावर रोकथाम तथा नियन्त्रणको लागि सोलार फेन्सी तारबार मर्मत | विपद् व्यवस्थापन कोष | १५००००। | |
| १० | बालुवा भन्ज्याङ हुँदै रुपाचुरी सडक मनहरी ६ | लोथर फरिवाङ हिलदमार बालुवा भन्ज्याङ हुँदै रुपाचुरी सडक मनहरी ६ | विपद् व्यवस्थापन कोष | ३०००००। | |
| ११ | खेलकुद मैदान निर्माण मनहरी ६ | फरिवाङ खेलकुद मैदान निर्माण | जनतासँग अध्यक्ष विकास कार्यक्रम | १००००००। | |
| १२ | मकवानपुर वडि बिल्डिङ्गस एण्ड फिटनेस एसोसिएसन | मकवानपुर वडि बिल्डिङ्गस एण्ड फिटनेस एसोसिएसन | आर्थिक सहायता | १०००००। | |
| १३ | बाटो स्तरीकरण मनहरी ३ | अर्जुन पुडासैनीको घर तलतिर जाने बाटो स्तरीकरण | अन्य थप सार्वजनिक निर्माण | ५००००। | |
| १४ | रजैया चोक मनहरी ९ | रजैया चोकमा बत्ती सहितको सि.सि.क्यामरा जडान १ थान | अन्य थप सार्वजनिक निर्माण | प्राविधिक लागत अनुमान बमोजिम | |
| १५ | मनहरी बजार मनहरी ७ | मनहरी बजारमा बत्ती सहितको सि.सि. क्यामरा जडान २ थान | अन्य थप सार्वजनिक निर्माण | प्राविधिक लागत अनुमान बमोजिम | |
| | | | | | |

६. प्रस्ताव नं. ६माथि छलफल गर्दा प्रस्ताव नं. २ उपर छलफल गर्दा मनहरी अस्पताल र गाउँपालिका अन्तर्गतका स्वास्थ्य केन्द्रमा जनशक्ति अभावका कारण सेवा प्रवाहमा प्रत्यक्ष असर परेको हुँदा मेडिकल अधिकृत १ जना, हेल्थ असिष्टेन्ट १ जना स्टाफ नर्स २ जना, अ.न.मी. १ जना, अ.हे.व १ जना र सरसफाईकर्मी १ जना विज्ञापन गरी पदपूर्ति गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य सेवा विभागबाट एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण गरी स्वास्थ्यको अभिलेख digitalization गर्न परिपत्र भएको र सोबाट समयमै पुर्ण र सत्य स्वास्थ्य सूचना प्राप्त गर्न सकिने हुँदा मनहरी गाउँपालिकामा एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अभिलेख प्रणाली नियमानुसार खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल



रञ्जन कालाखेती
अध्यक्ष

मोहन कुमार
प्रमुख प्रशासकीय अधिकृत

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अमानतमा कर संकलन गर्नको लागि आवश्यक जनशक्तिको अभाव भएको हुदाँ यस मनहरी गाउँपालिका वडा नं २ निवासी रोसन पाख्रिन र वडा नं ८ निवासी अमर लामालाई दैनिक ज्यालादारीमा कामकाज गर्ने गरी कर संकलन सहजकर्ताको रुपमा आवश्यकता अनुसार रजैया तथा सुनाचुरी कर संकलन केन्द्रमा खटाउने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मनहरी गाउँपालिकामा कार्यरत उद्यम विकास सहयोगी सम्झना दंगाल विरुद्ध शैक्षिक योग्यता नपुगेको व्यक्तिलाई गाउँपालिकाले करार सम्झौता गरेको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरीको सम्बन्धमा यसै गाउँपालिकाबाट छानविन तथा आवश्यक कारबाही गराउन लेखी आएको हुँदा सो सम्बन्धमा सत्यतथ्य छानविन गरि सिफारिस गर्न तपसिल बमोजिमको पदाधिकारीहरु रहने गरि १५ दिन भित्र सुझाव दिन छानविन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १. श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | संयोजक |
| २. श्री अन्जना सुवेदी | अधिकृत सातौं | सदस्य सचिव |
| ३. श्री राजिब बहादुर बानियाँ | कम्प्युटर अपरेटर | सदस्य |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा ज्येष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएकाहरुको घरदैलो स्वास्थ्य सेवा सम्बन्धी कार्यविधि, २०८० पारित गरी राजपत्रमा प्रकाशन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

११. प्रस्ताव नं.११ माथि छलफल गर्दा मनहरी अस्पतालमा साविकमा दिईदै आएको संचालन अनुदानमा अनुदानले कार्यालय संचालन तथा जनशक्ति व्यवस्थापनमा रकम अपुग हुने भनी थप रकम माग भई आएको हुदाँ सेवा र परामर्श खर्च शीर्षकबाट थप रु ६६,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त प्रस्तावहरु उपर सर्वसम्मत निर्णय गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष